स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म "झिंगे दाउ २" आगामी असोजमा प्रदर्शन हुने भएको छ। निर्माण युपनटले फिल्मको तिन पोस्टर एकसाथ सार्वजनिक गर्दै प्रचार प्रसार समेत थालेको छ। ज्ञानेन्द्र देउजाको निर्देशनमा तयार भएको यो फिल्ममा समीक्षा देउजाको लगानी छ। सार्वजनिक तीन नयाँ पोस्टर मध्य एकमा केकी अधिकारी र आँचल शर्मा हर्षित मुद्रामा छन्। यता, हिउँवाला गौतम, महेश त्रिपाठी र कुशलको भावुक अनुहार देख्न सकिन्छ।

**आजको विचार...**



नेपालमा... (दुई पेजमा)

डा. नारायण बाँस्कोटा

फिल्म "लालीबजार" ३ लाख बढीले हेरेका छन्। चलचित्र विकास बोर्डले आइतबारसम्मको सार्वजनिक गरेको बक्स अफिस रिपोर्ट अनुसार फिल्म ३ लाख १५ हजार ७२४ जनाले हेरेका छन्। यो अवधिमा फिल्मको व्यवसाय भने ९ करोड २८ लाख १४ हजार ५०५ रुपैयाँ ग्रस छ। यम थापा निर्देशित फिल्म "लालीबजार" मा अभिनेत्री स्वस्तिमा खड्काको मुख्य भूमिका छ। गत वैशाख २५ गते प्रदर्शनमा आएको "लालीबजार"ले भने ७ असारसम्म ९ करोड २८ लाख १४ हजार ५०५ रुपैयाँ ग्रस कमाएको छ।



❒ वर्ष ३१ ❒ अंक ३२५ ❒ २०८३ असार ९ गते मंगलबार 23 June 2026, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पानी अभावले लिफ्ट् सिँचाइ सञ्चालनमा समस्या

## रोपाइँ सुरु भएपनि सिँचाइ नहुँदा मर्कामा किसान

**राष्ट्रिय समाचार समिति** ——

**देवदह (रुपन्देही),** असार ८/तिनाउ नदीमा पानीको सतह घटेपछि मर्चवार लिफ्ट् सिँचाइ आयोजनाको पम्पस्टेसन सञ्चालनमा समस्या भएको छ । रोपाइँका साथै कतिपय स्थानमा बीउ राख्ने समयमा नदीमा पर्याप्त पानी नहुँदा सिँचाइ सेवा प्रभावित बनेको हो ।

मर्चवार लिफ्ट् सिँचाइ जल उपभोक्ता संस्थाका अध्यक्ष राजेन्द्र यादवका अनुसार लामो समयदेखि वर्षा नहुँदा तिनाउ र दानव नदीमा पानीको सहत घट्दै गएपछि समस्या भएको हो । नदीमा पानीको सतह पम्पले पानी तान्न मिल्ने न्यूनतम स्तरभन्दा तल झरेपछि नियमित सिँचाइ सेवा पुऱ्याउन कठिनाइ भएको उनले बताए । अध्यक्ष यादवले भने, "रोपाइँ सुरु भइसकेको छ । किसान सिँचाइका लागि मर्चवार लिफ्ट् आयोजनामा निर्भर छन् । तर, नदीमा पर्याप्त पानी नहुँदा पम्प नियमित सञ्चालन गर्न समस्या भइरहेको छ । पाँच वटा पम्प जडान भए पनि पानीको अभावका कारण हाल तीन वटा पम्प मात्र सञ्चालनमा छन् ।" उनका अनुसार दानव नदीबाट बग्ने पानीलाई रोक्न कम्तीमा पाँच फिट उचाइको बाँध (ड्याम) निर्माण गर्न सके नियमित रूपमा पानी आपूर्ति गर्न सहज हुनेछ । पम्पस्टेसन प्रबन्धक अकरम खानले नदीको पानी आयोजनाको डिजाइनअनुसार तोकिएको न्यूनतम स्तरभन्दा करिब एक दशमलव पाँच मिटर तल झरेको जानकारी दिए ।



यस्तो अवस्थामा पम्प सञ्चालन गर्दा मोटर तथा अन्य उपकरणमा क्षति पुग्ने जोखिम बढेकाले चलाउन नसकिएको उनको भनाइ छ । "विद्युत् आपूर्ति र उपकरणको अवस्था राम्रो छ । तर, पानीको अभावका कारण लामो समयसम्म मोटर चलाउँदा उपकरण बिग्रिन सक्ने सम्भावना भएकाले सावधानी अपनाउनुपरेको हो", खानले भने । हाल तिनाउ नदीका विभिन्न भागमा पानी सुकेर घाँस उम्रिन थालेको छ । नदी किनारका जमिन चिरा पर्न थालेका छन् भने बीच भागमा बालुवा र माटो देखिन थालेको छ । यस्तो अवस्थाले सिँचाइमा मात्र नभई समग्र कृषि उत्पादनमा समेत गम्भीर असर पार्ने सङ्केत देखिएको उनले बताए । यसैबीच, रोपाइँका समयमा पर्याप्त पानी नपाउँदा किसान चिन्तित बनेका छन् । कतिपय किसानले रोपेको धान सुक्ने डर व्यक्त गरेका छन् भने केहीले अझै रोपाइँ सुरु गर्न सकेका छैनन् । आकाशे पानीको भरमा बसेका किसानहरू दिनहुँ वर्षा हुने आशामा आकाशतिर हेर्न बाध्य छन् । मर्चवार क्षेत्रको कृषि उत्पादन मुख्यत: उक्त सिँचाइ आयोजनाको पानीमा निर्भर छ । यदी पानीको अभाव हुँदै गएमा धान उत्पादनमा कमी आउने र किसानहरूले ठूलो आर्थिक क्षति व्यहोर्नुपर्ने अवस्थाको सिर्जना हुनसक्ने स्थानीय फदयराम गुप्ताले बताए । स्थानीय बासिन्दाका अनुसार मर्चवार लिट सिँचाइ आयोजनाले खेतीपातीका साथै भू-जलको सतह सन्तुलित राख्न समेत महत्वपूर्ण भूमिका खेलेको छ । आयोजनाबाट पर्याप्त पानी आपूर्ति हुन नसके भविष्यमा खानेपानीको स्रोतमा समेत असर पर्नसक्ने भन्दै स्थानीयहरूले चिन्ता व्यक्त गरेका छन् ।

**संक्षिप्त समाचार**

### ग्यास टर्मिनल विस्फोटले कतारमा सङ्कट

**(रासस/एपी)** ——

**दुबई,** असार ८/कतारको प्रमुख प्राकृतिक ग्यास निर्यात केन्द्रमा पुन: सञ्चालनको तयारी भइरहेका बेला आइतबार राति भएको शक्तिशाली विस्फोट र आगलागीमा कम्तीमा ५४ जना घाइते भएका छन् भने १८ जना अझै बेपत्ता रहेका छन् । घटनाले विश्व ऊर्जा बजारमा थप अनिश्चितता सिर्जना गरेको छ, विश्वका प्रमुख प्राकृतिक ग्यास उत्पादक राष्ट्रहरूमध्ये एक कतारको उत्पादन र आपूर्ति प्रणाली प्रभावित भएपछि यसको असर अन्तर्राष्ट्रिय ऊर्जा बजारमा समेत पर्न सक्ने देखिएको छ । रस लाफान औद्योगिक क्षेत्रमा अवस्थित ग्यास सुविधामा युद्धका कारण रोकिएको उत्पादन पुन: सञ्चालन गर्ने काम भइरहेका बेला विस्फोट भएको हो । युद्धका क्रममा इरानको आक्रमणपछि प्रभावित बनेको उक्त क्षेत्रमा कामदारहरू मर्मत तथा पुन:सञ्चालनको काममा जुटिरहेका थिए । कतार एनर्जीका अनुसार बार्जान ग्यास आपूर्ति केन्द्रमा भएको विस्फोटपछि आगलागी फैलिएको थियो । प्रारम्भिक विवरणमा केही व्यक्तिमात्र घाइते भएको जनाइएको भए पनि केही घण्टापछि कतारको गृह मन्त्रालयले घाइतेको सङ्ख्या उल्लेखनीय रूपमा बढेको पुष्टि गरेको छ । बेपत्ता व्यक्तिहरूको खोजी तथा उद्धार कार्य जारी रहेको अधिकारीहरूले बताएका छन् । विस्फोटबाट भएको क्षतिको पूर्ण विवरण अझै सार्वजनिक गरिएको छैन । यद्यपि, उक्त घटनाले कतारको ऊर्जा पूर्वाधारमा पुन: गम्भीर असर पारेको आशङ्क गरिएको छ । इरानले हर्मुज जलघाँटीमा आफ्नो नियन्त्रण कडा बनाएपछि कतारले केही समयअघि ग्यास उत्पादन र निर्यात गतिविधि रोकेको थियो ।

'पानी जीवनको आधार, स्वच्छ पानी सबैको अधिकार'

**तानसेन खानेपानी उपभोक्ता समिति**

**तानसेन, पाल्पा**

**सूचना ! सूचना !! सूचना !!!**

***तेस्रो पटक प्रकाशित मिति : २०८३/०३/०८ गते***

मिति २०८३/०२/३० गते बोलाइएको तानसेन खानेपानी उपभोक्ता समितिको ११ औं साधारण सभा उद्घाटन शत्र सम्पन्न पश्चात्को बन्द सत्र समितिको विधान बमोजिम आवश्यक गणपूरक संख्या (कोरम) नपुगी दोस्रो पटक मिति २०८३/०३/०८ गते बोलाइएकोमा दोस्रेपटक पनि गणपुरक संख्या नपुगेको हुँदा निम्न, मिति, समय र स्थानमा राखिएकोले सम्पुर्ण तानसेन खानेपानी उपभोक्ता सदस्यहरुलाई उपस्थितका लागि सादर अनुरोध गर्दछौं ।

**मिति : २०८३/०३/१३ गते शनिबार**

**समय : बिहान ११ बजे**

**स्थान : पाल्पा उद्योग वाणिज्य संघ स्थित भगवती मन्दिरको सभाहल, तानसेन, पाल्पा**

**सम्पर्क :** ९८५७०४४०८७, ०७५-५२२०८७

**प्रेम बहादुर मल्ल**
**सचिव**

**मोहन प्रसाद श्रेष्ठ**
**अध्यक्ष**

# आज विश्व एकल महिला दिवस मनाइँदै

**पाल्पा,** असार ८/आज अन्तर्राष्ट्रिय एकल महिला दिवस नेपाल सहित विश्वभर विभिन्न कार्यक्रम गरेर मनाईदैंछ । एकल महिलाहरूले समाजमा भोग्नुपरेका चुनौती, अधिकार र सम्मानका विषयलाई उजागर गर्दै उनीहरूको सशक्तीकरणका लागि आवाज उठाउने उद्देश्यले यो दिवस मनाइने गरिन्छ ।




दिवसका अवसरमा देभका विभिन्न ठाउँमा एकल महिलाहरुको सम्मान र उनीहरुको वर्तमान अवस्था, अवसर र चुनौतिका बारे व्यापक छलफल हुने गर्दछ । सन् २०११ को तथ्यांकअनुसार नेपालमा कुल महिलाको जनसंख्यामध्ये ६ प्रतिशत एकल महिला रहेका छन् । संयुक्त राष्ट्रसंघको महासभाले सन् २०१० को डिसेम्बरमा जुन महिनाको २३ तारिखलाई अन्तर्राष्ट्रिय एकल महिला दिवसका रुपमा घोषणा गरेपछि सन् २०११ देखि दिवस मनाउन लागिएको हो । लाखौं एकल महिला र उनीहरुमा आश्रितले भोगिरहेको गरीबी र अन्यायलाई सम्बोधन गर्न राष्ट्रसंघले दिवस मनाउने निर्णय गरेको थियो । राष्ट्रसंघले श्रीमान गुमाएका, श्रीमान हराएका, सम्बन्ध विच्छेद गरेका र बिहे नगरी बसेका महिलालाई एकल महिला भनि उल्लेख गरेको छ । सरकारी प्रतिनिधिहरूले पनि एकल महिलाको अधिकार संरक्षणका लागि नीति तथा कार्यक्रमहरू विस्तार हुँदै गएको बताउँदै आगामी दिनमा अझ प्रभावकारी कार्यान्वयन गरिने प्रतिबद्धता व्यक्त गरेका छन् । विशेषज्ञहरूका अनुसार एकल महिलामाथिको सामाजिक दृष्टिकोण परिवर्तन नगरी उनीहरूको वास्तविक सशक्तीकरण सम्भव छैन । त्यसैले जनचेतना विस्तार र समावेशी नीति निर्माणलाई प्राथमिकता दिनुपर्ने उनीहरूको भनाइ छ । यसैबीच, विभिन्न जिल्लामा पनि स्थानीय तहको सहकार्यमा सचेतनामूलक कार्यक्रमहरू भइरहेका छन् । विश्वभर एकल महिलाको सम्मान, अधिकार र सशक्तीकरणको सन्देश फैलाउने महत्वपूर्ण अवसरका रूपमा मनाइँदै आएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## एकल महिला दिवसको सन्दर्भ

नेपालसहित विश्वभर आज अन्तर्राष्ट्रिय एकल महिला दिवस मनाइँदै छ । संयुक्त राष्ट्रसंघको महासभाले सन् २०१० को डिसेम्बरमा जुन महिनाको २३ तारिखलाई अन्तर्राष्ट्रिय एकल महिला दिवसका रुपमा घोषाणा गरेपछि सन् २०११ देखि यो दिवस मनाउन लागिएको हो । एकल महिलाको पहिचान, अधिकार, सम्मान र सशक्तीकरणको विषयलाई उजागर गर्ने महत्वपूर्ण अवसर हो । समाजमा अझै पनि विवाहलाई महिलाको जीवनको अनिवार्य लक्ष्यका रूपमा हेर्ने प्रवृत्ति विद्यमान छ । यस्तो अवस्थामा अविवाहित, विधवा, सम्बन्धविच्छेद भएका वा एक्लै जीवनयापन गरिरहेका महिलाहरूले विभिन्न सामाजिक, आर्थिक र मनोवैज्ञानिक चुनौतीहरू सामना गर्नुपर्छ । यही यथार्थलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय एकल महिला दिवसले विश्व समुदायलाई संवेदनशील र जिम्मेवार बन्न प्रेरित गर्छ ।

नेपाल लगायत धेरै देशहरूमा एकल महिलाहरूलाई अझै पनि विभेदपूर्ण दृष्टिकोणले हेरिने गरिन्छ समाजले विदुर र विधुवा भनेर दिएको नामकै पछाडी पनि कयौं उपनामहरु जोडिएका हुन्छन् । जब कुनै महिलाले आफ्नो एकल अवस्थामा समाजमा जिउनका लागि प्रयास गरेकी हुन्छिन् उनका पछाडी धेरै कुराहरु उब्जने अनि उनलाई धेरैले औंला उठाउने काम गरेका हुन्छन् । विभिन्न लाञ्छना लगाउँदै जसरी महिलामाथि अपमान गरिन्छ त्यो सह्य हुँदैन । पितृसत्तात्मक सोचका कारण अझै पनि महिलामाथि विभिन्न प्रकारका हिंसाहरु हुने गरेका छन् । यो अत्यन्त दुखको कुरा हो । कुनै समय श्रीमानसँग बसेर एक्लिएका (विशेष गरी सम्बन्धविच्छेद भएका र विधवा) एकल महिलाहरुको पीडा सम्बोधन नै हुन नसक्नु दुर्भाग्य हो । पति बिछोडिनुको पीडा एकातिर हुन्छ, त्यसमाथि परिवार र समाजबाट सान्त्वना, सहयोग, मायाको बदला दुर्व्यवहार खेप्नुपर्ने वातावरणले एकल महिलाहरूको जीवन नारकीय बन्न पुग्नु राम्रो होइन । अझ उनीहरु परिवारबाटै अपमानित हुनु विडम्वनाको कुरा हो । यद्यपि एकल महिलाका पक्षमा केही कामै नभएको चाहिँ होइन । सरकारी सेवामा रहेका पतिको मृत्यु भएमा निजको निवृत्तिभरण, बिमा तथा अन्य क्षतिपूर्ति रकम पतिका नाममा रहेको सम्पत्ति पाउने, पतिबाट सम्बन्धविच्छेद हुनुपर्ने अवस्था आएमा पनि महिलाले अंश लिई अलग हुन पाउने र स्वेच्छामा विवाह गर्न पाउने अधिकार कानुनले दिएको छ । एकल महिलालाई सामाजिक सुरक्षा भत्तामा समावेश पनि गरिएको छ । तथापि, कानुनको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । एकल महिलाप्रति समाजमा विद्यमान कुरीतिको अन्त्य, विभेदपूर्ण व्यवहार, संस्कार जरैदेखि उन्मूलन हुनुपर्छ । धार्मिक, सांस्कृतिक, आर्थिक, सामाजिक, राजनीतिक दृष्टिले कोही एकल महिला पीडित बनिरहेकै छन् भने त्यस्तो अवस्थाको अन्त्यका लागि सरकार कठोर बन्नुपर्छ । यो दिवस केवल एकल महिलाको मुद्दामात्र होइन, यो समानता, मानव अधिकार र सामाजिक न्यायको अभियान पनि हो । एकल महिलालाई सम्मानित, सुरक्षित र अवसरयुक्त वातावरण प्रदान गर्न सकिएमा मात्र समावेशी र प्रगतिशील समाज निर्माण सम्भव हुनेछ । त्यसैले यो दिवसले सबैलाई विभेदरहित सोच, सम्मानजनक व्यवहार र समान अवसरको संस्कृतिलाई बलियो बनाउन प्रेरित गर्नुपर्छ ।

### Opinion @ Social Network

सुखमा पुगेपछि सबैभन्दा पहिलो निम्तो
उसलाई दिनु जो दुखमा पर्दा बिना निम्तो आएको थियो ।
*(कल्पना थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Kalpana.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालमा वित्तीय हस्तान्तरणमा गर्नुपर्ने सुधार



डा. नारायण बाँस्कोटा

*प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता पूरा गर्न सर्वप्रथम आन्तरिक आयको अहम् भूमिका हुन्छ । खर्चको आवश्यकतामा आन्तरिक आय घटाएपछि सरकारलाई के-कति वित्तीय आवश्यकता छ भन्ने जानकारी हुन आउँछ । राजस्व बाँडफाँट सबै तहका सरकारको सवैधानिक अधिकार हो ।*

संघीयतामा वित्तीय हस्तान्तरणको सिद्धान्त नै 'केन्द्रीय सरकारले राष्ट्रका सबै समस्या सम्बोधन गर्न सक्दैन' भन्ने हो । तसर्थ, संघीयतामा विभिन्न तहबीच जिम्मेवारी बाँडफाँट गरिन्छ । संघीय शासन प्रणाली प्रभावकारी कार्यान्वयन भएको दर्शाउने एक महत्त्वपूर्ण पक्ष संघीयताका सबै तहले आफूलाई तोकिएको सेवा प्रभावकारी रूपमा प्रवाह गर्नु हो । साथै, विकेन्द्रित खर्च प्रणालीको प्रमुख उद्देश्य लोककल्याणका लागि सार्वजनिक स्रोतको सक्षम प्रयोग सुनिश्चित गर्नु हो । यसका लागि आवश्यक स्रोतको व्यवस्था हुनु नितान्त जरुरी हुन्छ, जुन सन्तुलित वित्तीय हस्तान्तरणबाट मात्र प्राप्त हुन्छ । विभिन्न तहका सरकारको राजस्वको अधिकार फरक-फरक हुन्छ । यसको प्रमुख सिद्धान्त राजनीतिक प्रकृतिको हुन्छ । जस्तै: राजस्वको अधिक अधिकार संघले राख्नुको एक कारण आफ्नो सर्वोच्चता कायम राख्नु हो । अर्कोतर्फ प्रदेश र स्थानीय तहको तुलनामा संघको राजस्व प्रशासन सक्षम, स्थिर र जोखिमरहित हुन्छ । देशको समग्र आर्थिक नीति र राजस्व नीतिबीच प्रत्यक्ष सम्बन्ध हुन्छ। साथै, संघीय सरकारको जिम्मेवारी तहगत र तहबीच सन्तुलन कायम गर्नु पनि हो, जुन जिम्मेवारी प्रदेश र स्थानीय तहबाट पूरा हुँदैन। संघीय राजस्व नीति आर्थिक विकाससँग पनि जोडिएको हुन्छ भने प्रदेश र स्थानीय तहलाई राजस्वको अधिकार दिएमा अस्वस्थ प्रतिस्पर्धाको जोखिम रहन्छ । सर्वप्रथम, क्षेत्रबीचको असन्तुलनको अवधारणा जेम्स बुकाननले सन् १९५० मा विभिन्न राज्यबीचको असमानता पुष्टि गर्न अघि सारेका हुन् । उनले संघीयता लागु भएका देशमा 'संघले राज्यलाई र राज्यले आफ्नो क्षेत्रभित्रको नागरिकलाई समान व्यवहार गर्दा समग्र देशमा असमान व्यवहार हुने अवस्था विद्यमान हुन सक्ने' औंल्याएका थिए, जुन विषय संवेदनशील र महत्त्वपूर्ण पनि छ । यो समस्याको समाधानका लागि दुई तरिका अपनाइएको पाइन्छ । पहिलो: यस्तो असमानता समग्र संघीय प्रक्रियामा त्यति महत्त्वपूर्ण नभएकाले यसलाई बेवास्ता गर्नु हो । दोस्रो: यस्तो असमानता सम्बोधन गर्न अनुदानको व्यवस्था गर्नु हो । तसर्थ, तहगत असमानता सम्बोधन गर्न राजस्व बाँडफाँट गरिन्छ भने तहबीचको असमानता सम्बोधन गर्न अनुदानको प्रयोग गरिन्छ । यसरी अन्तर्राष्ट्रिय अभ्यास नियाल्दा वित्तीय सन्तुलन कायम गर्न राजस्व बाँडफाँट वा समानीकरण अनुदानमध्ये एक माध्यमको प्रयोग गरिएको पाइन्छ । तर नेपालको संविधानमा भने यी दुवै माध्यमको सँगै प्रयोग गर्ने व्यवस्था छ । समानीकरणको व्यावहारिक अभ्यासमा प्राय: नागरिक जुनसुकै क्षेत्रमा बसोबास गरेको भए तापनि सार्वजनिक सेवामा समान पहुँच होस् भन्ने आधारभूत लक्ष्यका साथ समतामूलक वितरणलाई प्राथमिकतामा राखिएको हुन्छ । यदि क्षेत्रीय वित्तीय क्षमतामा असमानता भयो भने, कमजोर आर्थिक अवस्था भएका क्षेत्रमा बसोबास गर्ने नागरिक कि त कमसल सेवा उपभोग गर्न बाध्य हुन्छन्, वा अन्य क्षेत्रको तुलनामा त्यही स्तरको सेवा उपभोग गर्न अधिक कर तिर्न बाध्य हुन्छन् । फलस्वरूप, कमजोर आर्थिक क्षमता भएका क्षेत्रहरू अझ पछि पर्ने सम्भावना रहन्छ । तसर्थ, स्रोतको समतामूलक वितरण आवश्यक हुन्छ । हिजोआज पनि संघीयता लागु भएका अधिकांश देशहरूमा संघीय तहमा अधिकतम राजस्व संकलन गर्ने अभ्यास छ। साथै, राजस्व अधिकार र खर्च जिम्मेवारीबीच भएको फिस्कल ग्याप परिपूर्ति गर्न संघीय तहबाट विभिन्न तहका सरकारलाई वित्तीय हस्तान्तरण गर्ने प्रचलन छ । वित्तीय हस्तान्तरण तहगत र क्षेत्रबीच हुन सक्छ ।

**देहायका दुई कारणले विभिन्न क्षेत्रबीच वित्तीय असन्तुलन हुन सक्छ :**

क) प्रदेशबीच तथा स्थानीय तहबीच वित्तीय क्षमतामा फरक भएकाले

ख) खर्च आवश्यकतामा फरक भएकाले: वित्तीय क्षमता उस्तै भए तापनि देहायको कारण खर्च आवश्यकता उस्तै हुन सक्तैन ।

-जनसाङ्ख्यिक अवस्थाको कारण हुने सेवाको आवश्यकतामा फरक ।

-भौगोलिक अवस्था तथा जलवायुको अवस्थामा फरक ।

-गरिबी तथा बेरोजगारीको अवस्थामा फरक ।

**सेवा प्रवाह तथा निर्माण लागत (मूल्य स्तर) मा फरक।**

सम्बन्धित सरकारको खर्चको नीति, प्राथमिकता र निर्णयमा फरक । विश्वका विभिन्न देशहरूको अभ्यास अध्ययन गर्दा थोरै देशहरूले मात्र क्षेत्रबीच असन्तुलनको विश्लेषण गरेको पाइन्छ । त्यसमा पनि अधिकतम देशहरूले विशेष अथवा ससर्त अनुदानमार्फत यस्तो असन्तुलनको सम्बोधन गर्दछन् । नेपालमा वित्तीय हस्तान्तरणको अभ्यास वित्तीय हस्तान्तरणमा 'राजस्व बाँडफाँट' सबैभन्दा बढी प्रचलनमा आएको औजार हो । विश्वमा संघीयता भएका देशहरूमा विभिन्न तहका सरकारबीच राजस्व अधिकार र खर्चको जिम्मेवारीबीच सन्तुलन हुने गरी राजस्व बाँडफाँट गरिएको हुन्छ । नेपालको संविधान र प्रचलित कानुनले विभिन्न सरकारबीच स्रोतको न्यायोचित वितरण गर्न संघीय सरकारबाट प्रदेश र स्थानीय तहलाई 'राजस्व बाँडफाँट' र 'समानीकरण अनुदान' तथा प्रदेश सरकारबाट स्थानीय तहलाई 'समानीकरण अनुदान' वितरण गर्ने व्यवस्था गरेको छ । तसर्थ, विश्वका अन्य देशको अभ्यासभन्दा फरक नेपालमा राजस्व बाँडफाँटका अतिरिक्त समानीकरण अनुदान पनि क्षेत्रबीच वित्तीय हस्तान्तरणको महत्त्वपूर्ण औजारका रूपमा रहेका छन् । तर विश्वका अधिकतम देशहरूले विशेष अथवा ससर्त अनुदानमार्फत क्षेत्रबीच असन्तुलनको सम्बोधन गर्दछन् । नेपालमा विशेष अनुदानको पनि छुट्टै ध्येयसहित व्यवस्था गरिएको छ । यसका अतिरिक्त ससर्त अनुदान र समपूरक अनुदानको पनि व्यवस्था छ । यसरी हामीले संविधान निर्माण गर्दा विश्वमा प्रचलित वित्तीय हस्तान्तरणका सम्पूर्ण अभ्यासलाई समेटेको पाइन्छ । तर तिनीहरूको प्रयोजनमा दोहोरोपन छ । विश्वका विभिन्न देशमा राजस्वको शीर्षकगत बाँडफाँट अथवा सम्पूर्ण राजस्वलाई एकीकृत गरी सूत्रको प्रयोगबाट बाँडफाँट गर्ने प्रचलन छ । साथै, प्रत्येक क्षेत्रले सम्बन्धित राजस्व सङ्कलनमा गरेको योगदानका आधारमा वा प्रतिव्यक्ति राजस्वका आधारमा वा जनसङ्ख्या, प्रतिव्यक्ति आय, वा क्षेत्रको पछौटेपनका आधारमा राजस्व बाँडफाँट हुने गरेको पाइन्छ । नेपालमा मूल्य अभिवृद्धि कर (भ्याट) र आन्तरिक अन्त:शुल्कलाई एकीकृत गरी सै, प्रदेश र स्थानीय तहबीच क्रमश: ७०, १५ र १५ प्रतिशत बाँड्ने व्यवस्था गरिएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई सूत्रको आधारमा उक्त १५-१५ प्रतिशत प्रदेश र स्थानीय तहबीच सन्तुलित रूपमा बाँडफाँट गर्ने जिम्मेवारी तोकिएको छ । यसका अतिरिक्त वित्त आयोगको सिफारिसमा प्रदेशबीच र स्थानीय तहबीच समानीकरण अनुदान पनि वितरण गरिन्छ । राजस्व बाँडफाँट र समानीकरण अनुदान वितरणको विद्यमान आधार र ढाँचा 'राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४' को दफा १५(१) ले आयोगले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहबीच र प्रदेश तथा स्थानीय तहबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्दा जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण,क्षेत्रफल,मानव विकास सूचकाङ्क,खर्चको आवश्यकता,राजस्व सङ्कलनमा गरेको प्रयास,पूर्वाधार विकास, विशेष अवस्था निम्न पक्षलाई आधार लिनुपर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा १६(१) मा समानीकरण अनुदान सिफारिस गर्दा प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता मानव विकास सूचकाङ्क,अन्य प्रदेश वा स्थानीय तहको सन्तुलित विकासको अवस्था, प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था, प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता, प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनुपर्ने सेवा, प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता, प्रदेश तथा स्थानीय तहको आवश्यकतालाई आधार लिनुपर्छ । साथै, 'अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४' को दफा ८(१) अनुसार खर्चको आवश्यकता र राजस्वको क्षमताका आधारमा समानीकरण अनुदान वितरण गर्नुपर्ने व्यवस्था गरिएको छ । प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता पूरा गर्न सर्वप्रथम आन्तरिक आयको अहम् भूमिका हुन्छ । खर्चको आवश्यकतामा आन्तरिक आय घटाएपछि सरकारलाई के-कति वित्तीय आवश्यकता छ भन्ने जानकारी हुन आउँछ । राजस्व बाँडफाँट सबै तहका सरकारको संवैधानिक अधिकार हो । तसर्थ, वित्तीय हस्तान्तरणमध्ये राजस्व बाँडफाँटबाट प्राप्त रकमको भूमिका महत्त्वपूर्ण हुन्छ । वित्तीय आवश्यकतामा राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम र प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी घटाएपछि अनुदान तथा ऋणको आवश्यकता आउँछ । सामान्यतया जुनसुकै देशमा स्रोत अभाव हुने भएकाले आवश्यकताअनुसार स्रोत उपलब्ध हुन सक्दैन । तसर्थ, अनुदानका अतिरिक्त ऋणलाई पनि सरकारको वित्तीय स्रोतका रूपमा प्रयोग गरिन्छ । नेपालमा प्रचलनमा रहेका चार प्रकारका अनुदानमध्ये ससर्त अनुदानबाहेक अन्य तीन प्रकारका अनुदानको उपयोग सम्बन्धित सरकारको कार्यक्षेत्रभित्रका जिम्मेवारी पूरा गर्नका लागि गरिन्छ भने ससर्त अनुदान त्यस्तो अनुदान उपलब्ध गराउने सरकारको नीति कार्यान्वयन गर्न तथा लक्ष्य हासिल गर्न उपयोग गरिन्छ । तसर्थ, अनुदान तथा ऋणको आवश्यक रकममा उक्त तीन अनुदानमध्ये समपूरक अनुदान र विशेष अनुदानबापत प्राप्त हुने रकम घटाएपछि सम्बन्धित सरकारलाई आवश्यक समानीकरण अनुदान र ऋणको रकम जानकारी हुन्छ । हालसम्म यसको दीर्घकालीन समाधान भएको छैन । राजस्व बाँडफाँट प्रदेश र स्थानीय तहको एक महत्त्वपूर्ण वित्तीय स्रोत हो । यो अनुमानयोग्य हुनु अति नै आवश्यक छ । तसर्थ, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम भरपर्दो बनाउन वार्षिक रूपमा राजस्वको निश्चित प्रतिशत रकम छुट्याई एक 'कोष' को स्थापना गर्नुपर्ने देखिन्छ । उक्त कोषमा प्रत्येक वर्ष निश्चित प्रतिशत योगदान गर्ने र संघीय तहमा मूल्य अभिवृद्धि कर र आन्तरिक अन्त:शुल्कबाट अपेक्षित राजस्व सङ्कलन हुन नसकेको अवस्थामा सो कोषबाट प्रदेश र स्थानीय तहलाई प्रक्षेपण गरेको राजस्व बाँडफाँटको रकम वितरण सुनिश्चित गर्ने व्यवस्था गर्नु अति आवश्यक भइसकेको छ ।

*-अनलाइन खबर डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : सोचेभन्दा फरक जिम्मेवारी आउन सक्छ। आफ्नै सोचले सही बाटो देखाउनेछ।

**वृष** : कारोबार वा व्यवसायमा समयमा काम पूरा नहुनाले अपयशको सामना गर्नुपर्ला।

**मिथुन** : कामलाई पूरा गर्ने अवसर मिल्नेछ। मनलाई शान्त बनाउनेछ।

**कर्कट** : छोटो यात्राको योग बन्न सक्छ। नयाँ कुरा सुन्ने र बुझ्ने मौका पनि मिल्नेछ।

**सिंह** : खर्चबाट टाढा रहँदा मन ढुक्क रहनेछ।आर्थिक पक्षमा सन्तुलन कायम हुनेछ।

**कन्या** : नयाँ योजना सुरु गर्न मन लाग्नेछ। दिनभरि काममा जोश र जाँगर देखिनेछ।

**तुला** : धेरै हतार गर्नु ठीक हुनेछैन। केही कुरा समयमै छोड्दा आफैं मिल्नेछन्।

**वृश्चिक** : कामबाट राम्रो नतिजा आउनेछ। भविष्यका लागि नयाँ आशा जाग्नेछ।

**धनु** : कामको जिम्मेवारी बढ्न सक्छ। मेहनतको मूल्य विस्तारै देखिन थाल्नेछ।

**मकर** : आध्यात्मिक विषयमा पनि रुचि बढ्न सक्छ।नयाँ परिवर्तन आउनेछ।

**कुम्भ** : सोचेर गरेको निर्णय फाइदाजनक बन्नेछ। मनमा रहेको अन्योल हट्दै जानेछ।

**मीन** : एक अर्कालाई बुझ्ने प्रयासले मनको दूरी घटाउनेछ। आत्मीय वातावरण रहनेछ।

## विज्ञान/सूचना प्रविधि

# भारतले टेलिग्राममा किन लगायो अस्थायी प्रतिबन्ध ?




नयाँदिल्ली परीक्षामा प्रश्नपत्र चुहावटको बढ्दो विवादपछि भारतले राष्ट्रव्यापी मेडिकल प्रवेश परीक्षा (एनइइटी) को पुन:परीक्षा अघि मेसेजिङ प्लेटफर्म टेलिग्राममा अस्थायी रूपमा पहुँच अवरुद्ध गरेको छ । सरकारले परीक्षा प्रणालीमा हुने सङ्गठित ठगी नियन्त्रण गर्ने उद्देश्यले यो कदम चालेको जनाएको छ । गत महिना प्रश्नपत्र चुहावटसँग सम्बन्धित ठूलो स्क्यान्डल सार्वजनिक भएपछि एनइइटी परीक्षा रद्द गरिएको थियो । यस घटनाले देशभर आक्रोश फैलाएको छ र शिक्षा मन्त्रीको राजीनामा माग गर्दै विद्यार्थीहरूको विरोध प्रदर्शनसमेत चर्किएको छ । भारतको इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले मङ्गलबारदेखि जुन २२ सम्म टेलिग्राममा पहुँच रोक्ने आदेश जारी गरेको हो । साथै, पहिले पठाइएका सन्देशहरू परिवर्तन गर्न प्रयोगकर्तालाई अनुमति दिने मेसेज सम्पादन सुविधा जुन ३० सम्मका लागि निलम्बन गरिएको छ । राष्ट्रिय परीक्षण एजेन्सी (एनटीए) ले जारी गरेको विज्ञप्तिमा यी कदमहरू सार्वजनिक व्यवस्थाको हितमा लिइएको र परीक्षा नकल तथा ठगीमा संलग्न ग्याकेटहरू टेलिग्राम प्रयोग गरेर सक्रिय भएको प्रमाणका आधारमा गरिएको उल्लेख छ । एनइइटी परीक्षा भारतको सबैभन्दा प्रतिस्पर्धात्मक प्रवेश परीक्षामध्ये एक हो । यो परीक्षामा करिब २० लाखभन्दा बढी विद्यार्थी चिकित्सा अध्ययनका लागि प्रतिस्पर्धा गर्छन् । यस परीक्षाको सफलताले देशका मेडिकल कलेजहरूमा प्रवेश निर्धारण गर्छ । चुहावटको आरोप टेलिग्राम च्यानलमार्फत प्रश्नपत्र पहिले नै फैलिएको भन्दै उठेपछि मे महिनामा परीक्षा रद्द गरिएको थियो । यस घटनाले देशको परीक्षा प्रणालीमाथि गम्भीर प्रश्न उठाएको छ । भारतमा परीक्षा तयारी ठूलो उद्योगका रूपमा विकसित भएको छ र लाखौँ विद्यार्थी राम्रो नतिजाका लागि वर्षौंसम्म कोचिङ सेन्टरमा अध्ययन गर्छन् । तीव्र प्रतिस्पर्धा र सीमित अवसरका कारण धेरै विद्यार्थीमाथि ठूलो मानसिक तथा आर्थिक दबाब पर्ने गरेको छ । यसै दबाब र असमान अवसरका कारण परीक्षा प्रणालीसँग सम्बन्धित असन्तोष समय-समयमा देखिँदै आएको छ । केही अवस्थामा परीक्षामा असफलतापछि विद्यार्थीहरूले आत्महत्यासम्म गरेका रिपोर्टहरू पनि सार्वजनिक भएका छन् । चुहावट प्रकरणमा भारतको सेन्ट्रल ब्युरो अफ इन्भेस्टिगेसन (सीबीआई) ले अनुसन्धान गर्दै एक रसायनशास्त्र शिक्षकलाई मुख्य योजनाकारका रूपमा पक्राउ गरेको छ । उनीमाथि परीक्षा प्रणालीसँग प्रत्यक्ष संलग्न रहेको आरोप लगाइएको छ । सरकारले सोमबार एउटा विशेष अनलाइन पोर्टल पनि सुरु गरेको छ । उक्त पोर्टलमार्फत नागरिकले एनइइटीसँग सम्बन्धित शङ्कास्पद गतिविधि, अनधिकृत सामग्री वा ठगीका घटनाहरू रिपोर्ट गर्न सक्नेछन् । परीक्षा प्रणालीमा डिजिटल मार्किङ र अनलाइन मूल्याङ्कनसम्बन्धी अन्य विवादहरू पनि यस घटनासँगै सतहमा आएका छन् । धेरै विद्यार्थीहरूले गलत ग्रेड दिइएको वा नतिजा वितरणमा त्रुटि भएको गुनासो गरेका छन् । भारत तीव्र आर्थिक वृद्धिको अवस्थामा रहे पनि लाखौँ युवाहरू स्थिर रोजगारी र उच्च प्रतिस्पर्धात्मक करियर सुरक्षित गर्न सैर्षरत छन् । यसले परीक्षामा सफलता प्राप्त गर्ने दबाब अझ बढाएको छ र परीक्षा केन्द्रित सामाजिक संरचना अझ जटिल बनेको छ । ***-रासस***

# एप्पलले आईओएस २७ मा ल्यायो वालेट र म्याप्सका नयाँ फिचर



एप्पलले आईओएस २७ मा ल्यायो वालेट र म्याप्सका नयाँ फिचर, फोटो खिचेरै रेष्टुरेन्टको बिल स्प्लिट गर्न मिल्ने एप्पल कम्पनीले आफ्नो आईओएस २७ मा विभिन्न नयाँ अपडेटहरूको घोषणा गरेको छ । यी नयाँ फिचरहरू दैनिक प्रयोग हुने एप्स र सर्भिसेजहरूमा केन्द्रित छन् । एप्पल म्याप्स को 'लाईओभर' फिचरमा ठुलो सुधार गरिएको छ । अब युजरले सहर र ल्यान्डमार्कहरूको अझ बढी डिटेल्स र स्मुद थ्रीडी भ्यु देख्न पाउनेछन् । कम्पनीले लोकल लिस्ट्स' फिचर पनि सार्वजनिक गरेको छ । यसको मद्दतले युजरले म्याप्सभित्रै ट्रेन्डिङ रेस्टुरेन्ट र एट्र्याक्सन्स खोज्न तथा सेभ गर्न सक्नेछन् । फाइन्ड माइ' एपमा नयाँ लोकेशन-सेयरिङ कन्ट्रोल्स थपिएको छ। युजरले निश्चित मिनेट, घण्टा वा दिनका लागि आफ्नो लोकेशन सेयर गर्न सक्नेछन् । युजरले चाहेको खण्डमा दिनको अन्त्यसम्मका लागि लोकेशन सेयरिङ अस्थायी रूपमा पज पनि गर्न मिल्नेछ । एप्पल वालेट मा धेरै महत्त्वपूर्ण सुविधाहरू थपिएका छन् । युजरले अब आइफोन क्यामेराबाट रिसिप्ट स्क्यान गरी बिल स्प्लिट गर्न सक्नेछन् । एप्पल इन्टेलिजेन्सले रिसिप्टका सामानहरू, ट्याक्स र टिप स्वत: हिसाब गर्नेछ । त्यसपछि एप्पल क्यास मार्फत पैसा तिर्न र संकलन गर्न सकिनेछ । वालेटमा अब फिजिकल मेम्बरसिप र लोयल्टी कार्डहरू पनि डिजिटाइज गरेर राख्न मिल्नेछ । यो सुविधा एप्पल वाचको स्मार्ट स्ट्याकमा पनि उपलब्ध हुनेछ । होटलका पाहुनाहरूले वालेट एपभित्रै कोठा अनलक गर्न, ट्रिप डिटेल्स र रियल-टाइम अपडेटहरू हेर्न पाउनेछन् । एप्पल पेको चेकआउट एक्सपेरियन्सलाई रिडिजाइन गरिएको छ। युजरले पेमेन्ट कार्डहरू सजिलै स्वाइप गर्न सक्नेछन् । कार्डको रिवार्ड्स ब्यालेन्स र पे-लेटर अप्सनहरू पनि सिधै देखिनेछन् । मर्चेन्ट्सहरूका लागि 'ट्याप टु सेयर' फिचर ल्याइएको छ । यसले युजरको लोयल्टी अकाउन्ट र सिपिङ एड्रेस सुरक्षित रूपमा सेयर गर्नेछ । एप्पल म्यूजिकको लिरिक्स ट्रान्सलेसन' फिचरमा थप सातवटा भाषाहरू जोडिएका छन् । 'लिरिक्स प्रोनाउन्सिएसन' ले अपरिचित भाषाका गीतहरू गाउन मद्दत गर्नेछ । 'अटोमिक्स' फिचर अब एप्पल टिभी र होमपोड मा पनि उपलब्ध हुनेछ । एप्पल टिभी ४ के युजरले अब हाई-रेज लसलेस अडियोको अनुभव लिन पाउनेछन् । एप्पल पोडकास्ट मा सर्च विदिन शो' फिचर थपिएको छ । यसले कुनै निश्चित पोडकास्टको एपिसोडहरू भित्र सर्च गर्न दिनेछ । म्याक र एप्पल टिभीमा अब भिडियो पोडकास्ट पनि हेर्न मिल्नेछ । आईक्लाउड सेयर्ड एल्बम्समा अब फुल-रेजोल्युसन फोटो सेयरिङ र इमोजी रियाक्सन्स सपोर्ट उपलब्ध हुनेछ । नयाँ अस्थायी एल्बम्सले आईक्लाउड स्टोरेज भरिने समस्यालाई कम गर्नेछ । एप्पल डिभाइस नभएका युजरले पनि वेबमार्फत फोटोहरू थप्न सक्नेछन् । फिटनेस प्लसले पेरिमेनोपज र मेनोपजको अवस्थामा रहेका युजरका लागि स्ट्रोङ थ्रु मेनोपज' नामक तीन हप्ताको विशेष प्रोग्राम सुरु गरेको छ । यसमा गाइडेड योगा र स्ट्रेन्थ वर्कआउटहरू सामेल छन् । यी सबै फिचरहरू हाल एप्पल डेभलपर प्रोग्राममा टेस्टिङका लागि उपलब्ध छन् । ***-अनलाइन खबर डटकम***

# टिकटकको लुकेको संसार




टिकटकमा यस्तो एउटा लुकेको कुना छ, जहाँका अनौठा, डरलाग्दा र विचलित बनाउने भिडियोहरू अल्गोरिदमले तपाईंलाई देखाउँदैन । यो केवल एउटा भ्रम हुन सक्छ वा इन्टरनेटको भविष्यको झलक । सामान्यतया सकारात्मक भिडियोहरूको निरन्तर प्रवाह देखाउने प्लेटफर्मको रूपमा टिकटक परिचित छ । कतिपय आलोचकहरू त यसलाई अति नै 'सुसंस्कृत' समेत भन्छन् । तर यसको भित्री तहमा यस्ता अर्बौं भिडियो छन्, जुन टिकटकले सामान्यतया तपाईंलाई देखाउँदैन । तीमध्ये केही निरश छन्, केही अनौठा छन्, अनि केही साँच्चै नै त्रसित बनाउने खालका छन् । हल्लाहरू सुन्ने हो भने, राति ढिलासम्म नसुती टिकटकका सामान्य सिफारिसहरू नसकिउन्जेल घण्टौँसम्म स्क्रोल गरिरहँदा तपाईंले यसको छोटो झलक पाउन सक्नुहुन्छ । तर टिकटकका प्रयोगकर्ताहरू यसको अझ गहिराइमा पुग्ने बाटो पत्ता लगाएको दाबी गर्छन् । सही उपाय अपनाएर तपाईं यो रहस्यमय डिजिटल संसारमा पुग्न सक्नुहुन्छ । अल्गोरिदमले सामान्यतया देखाउने रमाइलो बाटोभन्दा यो संसार धेरै अनौठो, अँध्यारो र डरलाग्दो छ । यसैलाई 'टिकटक फारल्यान्ड्स' भनेर चिनिन्छ । यहाँ पुग्ने सबैभन्दा सजिलो तरिका भनेको कुनै भिडियोको कमेन्टमा अर्को प्रयोगकर्ताले राखेको अंग्रेजी अक्षर र अङ्कहरूको जथाभावी कोडलाई सर्च गर्नु हो । 'अल्गोरिदमको सिफारिसबाट मात्र तपाईं त्यहाँ पुग्न सक्नुहुन्न, यसका लागि कुनै व्यक्तिको निमन्त्रणा चाहिन्छ,' इन्टरनेट संस्कृतिबारे रिपोर्टिङ गर्ने तथा मिम अनुसन्धानकर्ता एडन वाकरले यस विषयको एउटा पोस्टमा लेखेका छन् । पछिल्ला केही महिनायता 'टिकटक फारल्यान्ड्स' बारे व्यापक चर्चा भइरहेको छ । यसमा षड्यन्त्रका सिद्धान्तहरू र सहरी किंवदन्तीहरूसँगै सामाजिक सञ्जाल कम्पनीहरूको शक्तिका विषयमा गम्भीर बहस पनि जोडिएका छन् । प्रयोगकर्ताहरूले टिकटकको अल्गोरिदमलाई नियन्त्रणमा लिएर एपले लुकाउन खोजेका भिडियोहरू बाहिर ल्याउने तरिका पत्ता लगाएका छन् । यो एउटा मिम ट्रेन्ड मात्र नभएर सामाजिक अभियान जस्तै बनेको छ। मानिसहरू मेसिनले खडा गरेको पर्खाल भत्काउने प्रयास गर्दैछन् । कृत्रिम बौद्धिकता (एआई) ले भरिएका सामग्री र निरन्तरको स्क्रोलिङको यो दुनियाँमा, यसले मलाई लामो समयपछि इन्टरनेटको भविष्यप्रति थप आशावादी बनाएको छ ।

**रहस्यको गहिराइमा**

'फारल्यान्ड्स' भन्ने नाम माइनक्राफ्ट गेमको एउटा पुरानो र चर्चित प्राविधिक त्रुटि (ग्लिच) बाट आएको हो । गेमको सुरुवाती संस्करणहरूमा निकै टाढासम्म हिँड्दै जाँदा एउटा यस्तो त्रुटि उत्पन्न हुन्थ्यो, जसले सुरुङ र अनौठा संरचनाहरूले भरिएको अस्तव्यस्त परिदृश्य निर्माण गर्थ्यो । 'माइनक्राफ्ट फारल्यान्ड्स गेमको अन्तिम विन्दु थियो । तपाईं साँच्चै नै संसारको अन्त्यमा पुग्नुहुन्थ्यो र त्यहाँबाट अगाडि बढ्न सकिँदैनथ्यो,' सामाजिक सञ्जालको विषयमा अनुसन्धान गर्ने अमेरिकास्थित युनिभर्सिटी अफ जर्जियाकी मिडिया स्टडिजकी सहप्राध्यापक जेसिका म्याडक्स भन्छिन् । 'टिकटक फारल्यान्ड्स' को अवधारणा पनि यस्तै हो । यो इन्टरनेटको त्यो अन्तिम विन्दु हो जहाँ कुराहरू अनौठा हुन थाल्छन् । यहाँ तपाईं मूलधारलाई छोडेर गलत बाटोमा लाग्नुभएको हुन्छ ।' वाकरको भिडियो पोस्टमा गरिएका कमेन्टहरूको मद्दतले म पनि ती अक्षरहरू पछ्याउँदै त्यो शून्यतामा पुग्न सफल भएँ । मैले सर्च बारमा एउटा कोड राखें, त्यसपछि मैले जे देखेँ त्यो टिकटकको मेरो सामान्य अनुभवभन्दा बिलकुलै फरक थियो । स्क्रिनमा एआईले बनाएका डरलाग्दा आकृतिहरू देखा परे । पिक्सेल बिग्रिएर अनुहारहरू विकृत भएका थिए । एउटा भिडियोमा टिभीको तारमा नसा जोडिएको कुनै एलियन जस्तो प्राणी पीडाले कराइरहेको थियो भने छेउमा एउटा किशोर भिडियोगेम कन्ट्रोलर समातेर हेरिरहेको थियो । तीमध्ये धेरैजसो भिडियोहरू बीबीसीले लिङ्क राख्न समेत नमिल्ने गरी विचलित पार्ने खालका थिए । (र म तपाईंहरूलाई पनि आफैँले खोज्नुअघि अलिकति सावधान रहन सल्लाह दिन्छु ।) फारल्यान्ड्समा पुग्न मानिसहरूले पासवर्ड जस्तै सेयर गर्ने अक्षर र अङ्कहरूका कोड आफैँमा एउटा रहस्य हुन्। कहिलेकाहीँ प्रयोगकर्ताहरू आफ्नो कामको प्रचार गर्न आफ्नै भिडियोहरूमा यी कोडहरू ट्याग गरेर सेयर गर्छन् । तर मैले कुरा गरेका केही व्यक्तिहरूले किबोर्डमा जथाभावी थिचेर अन्दाजकै भरमा फारल्यान्ड्सका कोडहरू पत्ता लगाएको दाबी गरे । कतिपय कोडहरूले साँच्चै नै जथाभावी नतिजाहरू देखाउँछन् । टिकटकको सर्चले फरक-फरक प्रयोगकर्तालाई फरक-फरक नतिजा देखाउने भएकाले वास्तवमा के भइरहेको छ भनेर बुझ्न कठिन छ । यो सम्पूर्ण प्रक्रिया भनेको जानीजानी आफ्नो उद्देश्यका लागि टिकटकलाई तोडमोड गर्नु रहेको वाकर बताउँछन् । 'यसैमा त मज्जा छ । जुन तरिकाले प्रयोग गर्नका लागि यो प्लेटफर्म बनाइएकै थिएन, तपाईं त्यसरी नै चलाइरहनुभएको छ,' उनी मलाई भन्छन्, 'तपाईं सामान्य टिकटकको सीमा पार गरेर यस्तो छेउमा पुग्नुभएको छ, जहाँ वास्तवमा के भइरहेको छ भन्ने कसैलाई थाहा छैन ।' यी अनौठा भिडियोहरूको कमेन्टमा मानिसहरूले ठूला अक्षरमा पटक-पटक 'म फारल्यान्ड्समै बस्न चाहन्छु' लेखेको पनि देख्न सकिन्छ । ५०० शब्द लामो कमेन्ट गर्दा अल्गोरिदमले यस्तै सामग्रीहरू देखाउँछ भन्ने केही प्रयोगकर्ताहरूको विश्वास देखिन्छ । के यो साँचो हो ? ठोकुवा गरेर भन्न असम्भव छ । सामाजिक सञ्जालका अल्गोरिदमहरू रहस्यमय बक्सा जस्तै हुन् । मैले टिकटकलाई सम्पर्क गरेँ तर उनीहरूले कुनै प्रतिक्रिया दिएनन् । 'मानिसहरू आफ्नो फिड र अनलाइन अनुभवलाई पुन: आफ्नै नियन्त्रणमा लिन खोजिरहेका छन्,' म्याडक्स भन्छिन्, 'यसले मानिसहरू अल्गोरिदममा आधारित फिडबाट आजित भइसकेको कुरा देखाउँछ । हामीले के हेर्ने भनेर निर्धारण गर्ने यसको शक्तिप्रतिको हाम्रो चिन्ता पनि यसमा झल्किन्छ ।' 'इन्टरनेट निकै विशाल छ। एक हिसाबले भन्ने हो भने फारल्यान्ड्सले तपाईं साँच्चै नै अन्तिम विन्दुमा पुग्नुभयो र अब रोकिन सक्ने ठाउँमा हुनुहुन्छ भन्ने आशालाई प्रतिनिधित्व गर्छ ।' पुरानै कुरा फेरि नयाँ 'इन्टरनेटको किनारा' बारेको यो सम्पूर्ण बहस आफैँमा अलि विरोधाभासपूर्ण छ । फारल्यान्ड्समा 'प्रवेश' गर्नुको मुख्य उद्देश्य भेटाउन गाह्रो हुने भिडियोहरू खोज्नु हो। तीमध्ये केही भिडियोहरू साँच्चै अनौठा छन्, जुन सामाजिक सञ्जालका नियमहरू नबुझ्ने वा वास्ता नगर्ने मानिसहरूले बनाएका हुन् । अन्य भिडियोहरू भने जानीजानी कलात्मक वा फरक शैलीमा बनाइएका छन् । तर रहस्यमय भनिएका फारल्यान्ड्सका केही पोस्टहरूले दशौं लाख भ्युज पाएका छन् । यसको लोकप्रियता बढ्दै जाँदा केही प्रयोगकर्ताहरूले यही ट्रेन्डसँग मिल्ने नयाँ भिडियोहरू बनाएका छन्। यस्ता सामग्री फेला पार्न अब सजिलो छ, मात्र 'फारल्यान्ड्स' टाइप गरे पुग्छ । तर प्रयोगकर्ताहरू यो वास्तविक फारल्यान्ड्स नभएको बताउँछन् । एउटा चर्चित भिडियोमा एक प्रयोगकर्ताले कमेन्ट गरेका छन्, 'वास्तविक फारल्यान्ड्स भिडियोमा कुनै ट्याग वा शीर्षक हुँदैन, अझ फारल्यान्ड्स ह्यासट्याग त पक्कै हुँदैन ।' कतिपयका अनुसार एउटा वास्तविक फारल्यान्ड्स भिडियोमा केवल ३० भ्युज हुन्छन् र त्यो फलोअर्स नै नभएको एकाउन्टबाट पोस्ट गरिएको हुन्छ । त्यहाँसम्म केवल दृढ अठोट भएकाहरू मात्र पुग्न सक्छन् । 'टिकटक फारल्यान्ड्स' तुलनात्मक रूपमा नयाँ हो, तर यसका धेरैजसो अवधारणा, मिम, शैली र भिडियोहरू भने पुराना हुन् । यसका केही अंशहरूले 'क्रिपिपास्ता' युगका झलकहरूलाई पुनर्जीवित गर्छन्, जुन इन्टरनेटको सुरुवाती समयका भूतप्रेतका कथाहरूको विधा हो । धेरै भिडियोहरूमा 'डिप फ्राइड मिम' शैली देखिन्छ, जसमा तस्बिरहरूलाई धेरै फिल्टरहरू प्रयोग गरेर पिक्सेल बिग्रने र मधुरो हुने गरी प्रशोधन गरिन्छ । यो ट्रेन्ड सन् २०१५ जत्तिकै पुरानो हो। सन् २०१९ र २०२० तिर प्रयोगकर्ताहरूले 'डिपटक' को अन्वेषण गर्दा पनि टिकटकको लुकेको पाटोबारे यस्तै चर्चा चलेको थियो । टिकटकमा २कयययचभद्दिच नामले चिनिने शेन मुर यस्ता भिडियो बनाउँछन्, जुन सुरुमा सामान्य खानाको समीक्षा जस्तो देखिन्छ । तर पछि त्यसको दृश्य बिग्रिएको भिडियो फाइलको जस्तो हुन्छ, जहाँ हरर चलचित्रको जस्तै तर्साउने दृश्यहरू आउने जाने गर्छन् । तपाईं यसलाई जसरी व्याख्या गर्नुहोस्, फारल्यान्ड्स एउटा ठूलो ट्रेन्डको हिस्सा हो । मानिसहरू वर्षौंदेखि इन्टरनेट नचल्ने साधारण फोन तर्फ फर्किरहेका छन् । एनालग क्यामेरा र तारयुक्त हेडफोनहरूको प्रयोग फेरि सुरु भएको छ । एआई विरुद्धको असन्तुष्टि यति धेरै बढेको छ, यस विषयमा इसाई धर्मगुरु पोपले समेत बोल्न थालेका छन् । समग्रमा, हाम्रो समाजमा प्रविधिविरुद्धको एउटा विद्रोह मडारिरहेको महसुस गर्न सकिन्छ । सायद यो इतिहासको एउटा रोचक र क्षणिक घटना मात्र हो । वा यो भविष्यमा आउने ठूलो परिवर्तनको संकेत पनि हुन सक्छ ।

***-रातोपाटी डटकम***


# पूर्व प्रहरी संगठन पाल्पाको अध्यक्षमा उप्रेती



**पाल्पा,** असार ८/नेपाल पूर्व प्रहरी संगठन पाल्पाको अध्यक्षमा जयप्रकाश उप्रेती चयन सर्वसम्वत चयन भएका छन् । संगठनको तानसेनमा भएको सत्रौं साधारण सभा तथा आठौं अधिवेशनले उप्रेतीलाई अध्यक्षमा चयन गरेको हो ।

जसको उपाध्यक्षहरुमा सिता कुमारी जि.सी., दिपक बहादुर कार्की, सचिवमा रिण बहादुर बैदवार, सह सचिवमा खुमबहादुर गोदार चयन भएका छन् । यस्तै सदस्यमा बिष्णु बहादुर कार्की, विष्णु प्रसाद नेपाल, यादव बस्याल,जमुना राना, भगवती बिष्ट, ईन्दीरादेवी के.सी, चन्द्र कला न्यौपाने, लेखनाथ गैरे, बसन्त थापा मगर, दिनेश बस्याल, धनबिर थापा र मोहन बहादुर काृले रहेका छन् । अधिवेशनको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक दिपेन्द्र पञ्जियार थारुले उद्घाटन गरेका हुन् । उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले पूर्व प्रहरीहरुको हितमा अनुशासनपूर्वक काम गर्न नयाँ नेतृत्वलाई आग्रह गरे । कार्यक्रममा संगठनका केन्द्रिय सदस्य मुक्तीराम शर्माले इमान्दारितापूर्वक काम गर्न संगठनमा आवद्ध सबैलाई आग्रह गरे । संगठनका अध्यक्ष रमेश बहादुर बोहराको अध्यक्षता, उपाध्यक्ष जयप्रकास उप्रेतिको स्वागत र सचिव रिन बहादुर वैदवारको सञ्चालनमा उद्घाटन कार्यक्रम भएको थियो ।

# शीत परिकल्पनाको छैटौं स्थापना दिवस मनाइयो



**पाल्पा,** असार ८/शीत काव्य समाज नेपालले शीत परिकल्पनाको छैटौं स्थापना दिवस विभिन्न कार्यक्रम गरी तानसेनमा मनाएको छ । समाजले पुरस्कार समर्पण, सम्मान अर्पण, कृति विमोचन र शीत वाचन तथा लेखन जस्ता कार्यक्रम गरी स्थापना दिवस मनाएको हो ।

कार्यक्रमको पाल्पा साहित्य समाजका संरक्षक राजेन्द्र गोपाल सिंहले उद्घाटन गरेका हुन् । उद्घाटन समारोहलाई उद्घाटन गर्दै उनले साहित्यको क्षेत्रमा नयाँ विधाका रुपमा आएको शीतले छोटो समयमै समाजमा रचनात्मक काम गर्न सफल भएको बताए । कार्यक्रममा शीत परिकल्पनाकार पुष्कर अथक रेग्मी, साहत्यिकारहरु प्रकाश कोइराला, दुर्गा अधिकारी भमरकोटे, दीर्घबहादुर चन्द लगायतले आ-आफ्ना धारणा राखेका थिए । सोही अवसरमा 'जुलुस'कृति विमोचन गरिएको थियो । लव जोशीद्धारा लिखित कृतिको प्रमुख अतिथि, अध्यक्ष, परिकल्पनाकार र लेखकले संयुक्त रुपमा उद्घाटन गरेका थिए । कार्यक्रममा प्रा.डा.कमल गौतम, द्वितीय शीत ईश्वर इन्दिरा ज्ञवाली पौडेल, तृतीय शीत ईश्वर, शारदा ज्ञवाली ढकाल, नवौं शीत ईश्वर के.पि. सत्यनारायण ढकाल, दशौं शीत ईश्वर भोजभक्त कँडेल एघारौं शीत ईश्वर विमला ढकाल समीक्षा लयातले कृति सफलताको शुभकामना व्यक्त गरेका थिए । कृतिको साहित्यकार चन्द्रा न्यौपानेले समीक्षा गरेकी थिइन् । प्रथम शीत ईश्वर कृष्णबहादुर केसीको अध्यक्षता, एघारौं शीत ईश्वर विमला ढकाल समीक्षाको स्वागत, कलाकार विष्णु गुरूङको शीत स्वागत गान, शीत गान सरस्वती अर्याल र सातौं शीत ईश्वर दामोदर ढकाल 'दीपक' को सञ्चालनमा कार्यक्रम भएको थियो । सोही अवसरमा शीत काव्य समाजको लोगो अंकित टिसर्ट समेत लोकार्पण गरिएको थियो । कार्यक्रममा शीत ईश्वरहरु के.पि. सत्यनारायण ढकाल, भोजभक्त कँडेल विमला ढकाल समीक्षा शीतकर्णशिवकुमारी पुरस्कारबाट पुरस्कृत भएका छन् भने साहित्यकार लव जोशी, भाषा सम्पादक शिव शर्मा, संगीतकार विष्णु गुरूङ, गायिका सुशीला ढकाल अधिकारी, सरस्वती अर्याल, दिपा दियाली, अम्बिका आचार्यलाई शीत सम्मानद्वारा सम्मान गरिएको थियो ।

## खेलकुद समाचार

# केभिन पिनाको ऐतिहासिक गोल



**काठमाडौं,** असार ८/फिफा विश्वकप अन्तर्गत समूह एचको खेलमा केब भर्डेले दुई पटकको विश्व च्याम्पियन उरुग्वेसँग २-२ को बराबरी खेलेको छ । केभिन पिनाले फ्रिकिकमार्फत गरेको गोलबाट केब भर्डेले विश्वकप इतिहासमै आफ्नो पहिलो गोल दर्ता गरेको छ । खेलको २१ औँ मिनेटमा पिनाको लामो दूरीको फ्रिकिक सीधा पर्खालबीचबाट छिर्दै जालीमा पुगेपछि केब भर्डेले आश्चर्यजनक अग्रता लिएको थियो । तर अग्रता लामो समय टिक्न सकेन । उरुग्वेले दबाब बढाउँदै मैक्सी अराउजोको हेडरमार्फत बराबरी गोल फर्कायो । पहिलो हाफको इन्जुरी समयमा अगुस्टिन कानोबियोले नजिकैबाट गोल गर्दै उरुग्वेलाई २-१ को अग्रता दिलाए । तर केब भर्डेले खेल अन्त्यसम्म हार मानेन । उरुग्वेको डिफेन्समा भएको कमजोरीको फाइदा उठाउँदै हिलियो भेरेलाले गोल गर्दै खेल २-२ को बराबरीमा ल्याए । उरुग्वेले अन्त्यतिर फेडेरिको भाल्भेर्डेको गोल अफसाइड भएपछि अग्रता लिन सकेन । अन्ततः दुवै टोलीले जित्नका लागि पर्याप्त अवसर पाए पनि खेल बराबरीमै सकियो । योसँगै उरुग्वे र केब भर्डे दुवै २ खेलबाट २ अंकसहित दोस्रो र तेस्रो स्थानमा रहेका छन् । अब समूह चरणको अन्तिम खेल निर्णायक बन्नेछ, जसले नकआउट चरणमा पुग्ने टोलीको टुंगो लगाउनेछ ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# घट्यो नेप्से परिसूचक



**पाल्पा,** असार ८/साताको पहिलो सेयर कारोबार दिन सोमबार नेप्से परिसूचक सामान्य अंकले घटेर बन्द भएको छ । यसदिन नेप्से परिसूचक १ दशमलव ४६ अंकले घटेर २ हजार ७ सय दशमलव ६५ विन्दुमा पुगेको हो ।

सोमबार कारोबारमा आएकामध्ये ११६ कम्पनीको सेयर मूल्य बढ्यो, १४३ कम्पनीको घट्यो र १४ वटाको स्थिर रह्यो । पछिल्ला केही दिनदेखि सुस्ताएको सेयर बजारमा सोमबार पनि सोही प्रवृति दोहोरिएको हो । गत शुक्रबार करिब साढे १ अंकले बढेको नेप्से सोमबार १ दशमलव ४६ अंकले घटेको छ । सो दिन कुल ९० हजार ८ सय ६२ पटकको सेयर किनबेचमा ८१ लाख ३८ हजार ४ सय ३३ कित्ता सेयर खरिदबिक्री भए । ती किनबेचमा ४ अर्ब ४४ करोड ६५ लाख रुपैयाँ बराबर सेयर कारोबार भएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम पनि घटेको हो । गत शुक्रबार ४ अर्ब ५३ करोड ४९ लाख रुपैयाँको सेयर कारोबार भएको थियो । सो दिन कारोबारमा आएका १३ वटा उपसमूहमध्ये फाइनान्स, लघुवित्त र व्यापारको परिसूचक सामान्य बढे । बाँकी उपसमूहको परिसूचक घटे । जसअनुसार बैकिङ उपसमूहको परिसूचक ० दशमलव १०, विकास बैंकको ० दशमलव ०७, होटेल तथा पर्यटनको ० दशमलव १४, जलविद्युत्को ० दशमलव २०, लगानीको ० दशमलव ०२, जीवन बिमाको ० दशमलव ४५, उत्पादन तथा प्रशोधनको ० दशमलव ०६, सामुहिक लगानी कोष ० दशमलव ५९, निर्जीवन बिमा ० दशमलव २१ र अन्यको ० दशमलव २० प्रतिशतले घटेको नेप्सेको तथ्यांक छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई